

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २० गते आइतबार ❑ 4 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## शिक्षाको विकासमा जोर्ज जोन दम्पतीको योगदान अनुकरणीय: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपालको शैक्षिक विकासमा जोर्ज जोन दम्पतीको योगदान अनुकरणीय रहेको बताउनुभएको छ।

गण्डकी प्रदेशको राजधानी पोखरामा अवस्थित मुलुककै अग्रणी पृथ्वीनारायण कलेजको स्थापना तथा विकासमा अग्रस्थानमा बसेर गरेको काम अतुलनीय रहेको भन्दै भट्टले डा. जोर्ज जोन र डा. एलियाम्मा जोनको खुलेर प्रशंसा गर्नुभयो । जोर्ज जोन शिक्षा प्रतिष्ठानको २८ औं वार्षिकोत्सव समारोहका प्रमुख अतिथि भट्टले शिक्षा क्षेत्रमा लागेका व्यक्तित्वहरुको सम्मान र असहाय, जेहेन्दार, गरीब विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएकोमा प्रतिष्ठानको कामको लागि आभार व्यक्त गर्नुभयो । प्रतिष्ठानले असल गुरु जोन सरको व्यक्तित्व र व्यवहारकै प्रतिनिधि बनेर सामाजिक चेतनासहित शिक्षा र सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदानलाई निरन्तरता दिन सकोस् भन्ने कामना पनि गर्नुभयो । 'भारतको केरलामा जन्मिएर सारा जीवन नेपालका



लागि अर्पण गर्नुभयो । पोखरा जस्तो मुलुककै दोस्रो ठूलो शहरको असल गुरु उपमाका साथ यसरी सम्मानित हुन सक्नु सानो योगदानले सम्भव हुँदैन । जोन दम्पतीकै निरन्तरको कर्म र त्यागले यो सम्भव भएको हो । यसको लागि म यहाँलाई सलाम व्यक्त गर्दछु ।' - प्रदेश प्रमुख भट्टले भन्नुभयो ।

डा. जोर्ज जोनले प्रतिष्ठानको काम र गतिविधिले आफू सधैं खुशी रहेको बताउनुभयो । 'यस कार्यक्रममा आउँदा मलाई सधैं अर्को वर्ष आउन पाउँछु कि पाउँदिन होला भन्ने लाग्छ । तर, आइरहेकै छु । सबै यहाँहरुकै माया र साथ हो ।' उहाँले प्रशन्नता व्यक्त गर्नुभयो ।

उक्त अवसरमा प्रतिष्ठानको तर्फबाट प्रदेश प्रमुख भट्ट र डा. जोर्ज जोनले शिक्षासेवी सम्मान तथा छात्रवृत्ति वितरण पनि गर्नुभयो । प्राध्यापक पवित्रमणि पौडेल पोखरा-२१, प्रा.डा. भूपति ढकाल 'कमल' पोखरा-१७, प्रा.डा. यदुनन्दन ढकाल पोखरा-१२, विन्ध्यवासिनी माविको कुशल नेतृत्वकर्ता नरनाथ भट्टराई पोखरा-१६, लोकबहादुर कार्की पोखरा-१३, जीवनभर कर्तव्यपरायण भई योगदान दिने हिन्दुमाया पुन पोखरा-१ लाई शिक्षासेवी सम्मान अर्पण गरिएको थियो । यस्तै, गत शैक्षिक सत्रमा पृथ्वीनारायण क्याम्पसबाट स्नातकोत्तर तहमा सर्वोत्कृष्ट हुने पारस पौडेल, छात्रातर्फ सफलता सापकोटा र अञ्जु गिरीलाई पुरस्कृत पनि गरिएको थियो । प्रतिभा छनौट समितिको संयोजक रामगोपाल ढेवाजु र प्रतिष्ठानका सदस्य डा. नागेन्द्र भण्डारीले सम्मानित एवं पुरस्कृत व्यक्तित्वका बारेमा प्रकाश पार्नुभयो । कार्यक्रममा गत असार २७ गते पोखरा १९, तल्लाकोटमा गएको पहिरोले एकै परिवारका ७ जनाको ज्यान गएकोमा बाँच्न सफल विन्ध्यश्वरी मावि कक्षा १० मा अध्ययनरत पवन परियारलाई नगद सहयोग पनि प्रदान गरेको छ। प्रतिष्ठानका अध्यक्ष गेहेन्द्रेश्वर कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व गभर्नर तथा सल्लाहकार डा. दिपेन्द्रबहादुर क्षेत्री, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सल्लाहकार प्रा.डा. दिलबहादुर क्षेत्री, सल्लाहकार राजीव पहारी, संस्थापक अध्यक्ष प्रकाशमान गुभाजु, पृना क्याम्पसका प्रमुख प्रा.डा. सरोज कोइराला, क्याम्पसका प्राध्यापक संघका सभापति डा. लक्ष्मीशरण अधिकारी, सम्मानित व्यक्तित्वद्वय प्रा.डा. भूपति ढकाल, प्रा. पवित्रमणि पौडेल लगायतले बोल्नुभएको थियो । प्रतिष्ठानका सचिव अरुण शेरचनले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सहसचिव अर्जुन अधिकारीले गर्नुभएको थियो ।

## गण्डकीमा मन्त्रालयको संख्या नबढाउने एमाले अडान कायमै

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सरकारमा एमालेको सहभागिताका विषयमा छलफल भइरहेको बताउनुभएको छ।

शनिबार पोखरामा नेपाल बुद्धिजीवी परिषद गण्डकी प्रदेश कमिटीद्वारा प्रकाशित स्मारिका 'गण्डकी दर्पण'को विमोचन समारोह बोल्दै अधिकारीले मन्त्रालयको सङ्ख्या लगायतका विषयमा कुरा मिल्न बाँकी रहेको बताउनुभयो। एमालेले मन्त्रालयको सङ्ख्या ७ बाट बढाउन नहुने अडानमा कायम रहेको स्पष्ट पार्नुभयो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको जोडबल मन्त्रालयको सङ्ख्या बढाएर १२ सम्म पुर्‍याउनेमा रहेको देखिएको उहाँको सङ्केत थियो । केन्द्रीय गठबन्धन परिवर्तन भएको एक महिना बित्दा समेत गण्डकी प्रदेशमा एमाले सरकारमा सहभागिता नभएको विषयमा चासो बढिरहेको समयमा एमाले गण्डकी प्रदेश संसदीय दलको नेता समेत रहनुभएका अधिकारीले संवाद भने भैरहेको खुलाउनुभएको हो। उहाँले वर्तमान मुख्यमन्त्रीले भनेझैं मन्त्रालयको सङ्ख्या बढाउन त्यति सजिलो भने नरहेको दावी गर्नुभयो। अर्को प्रसङ्गमा अधिकारीले अब सरकार राष्ट्रिय पुँजी निर्माण गर्ने भावना र योजनाका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। अहिलेको अवस्थामै देश अगाडि बढे देशको अर्थतन्त्र दुर्घटनामा पर्ने भएकोले राष्ट्रिय पुँजी निर्माण आवश्यक



पर्ने उहाँको भनाई थियो। एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार निर्माण भएपछि देशको अर्थतन्त्रमा सकारात्मक सन्देश देखिएकोले नयाँ आशाको सञ्चार भने गराएको उहाँको भनाई थियो।

एमाले सरकारमा गएपछि शक्ति सञ्चय गर्दै मिसन ०८४ को अभियानलाई पुरा गर्नको लागि सबैले मिहेनत गर्नुपर्ने उहाँले बताउनुभयो। 'सरकारले राम्रो काम गर्नुपर्‍यो, भष्ट्राचार रोक्नुपर्‍यो, हाम्रा मन्त्रीहरू विवादित हुनु भएन' उहाँले भन्नुभयो । दुई प्रतिस्पर्धीबीचको सहकार्य सानोतिनो चोटमा नहुने भएकोले संयुक्त सरकारका नियममा रहेर उत्कृष्ट कार्य गर्नुपर्ने उहाँको भनाई थियो।

एमाले अध्यक्ष ओली नेतृत्वमा सरकार निर्माण भएपछि एमालेलाई सिध्याउने योजना बनाएकालाई छटपटी भइरहेको उहाँको दावी थियो । पार्टी सदस्यता थप्न र टोलटोलमा पार्टी कमिटी पुर्‍याउनको लागि नेता तथा कार्यकर्तालाई खट्न उहाँको आग्रह थियो । '०८४ मा वडादेखि पालिका, प्रदेशदेखि राष्ट्रिय सभासम्म हाम्रो बहुमत आउने गरी लाग्नुपर्छ, त्यसो भए मात्र समाजवाद तर्फ यात्रामा जान सक्छौ' उहाँले भन्नुभयो। कार्यक्रममा प्रादेशिक संवृद्धिका लागि योजनाबद्ध विकासका आधार एवं प्राथमिकताहरु सम्बन्धमा परिचर्चा समेत गरिएको थियो । यसको प्रस्तुती गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. श्रीकान्त खतिवडाले राख्नुभएको थियो । कार्यक्रममा बोल्दै नेपाल बुद्धिजीवी परिषदका अध्यक्ष एवं वागमती प्रदेशका सासंद डा.दिनेशचन्द्र देवकोटाले उत्पादनसँग नजोडिएको शिक्षा प्रणालीका कारण अध्ययनको लागि विदेश जानेको सङ्ख्या बढेको बताउनुभयो । देशको विकासमा विभिन्न चुनौतीहरु रहेकोले ती चुनौतीलाई चिर्दै अगाडि बढ्न सक्नुपर्ने उहाँको भनाई थियो ।

नेपाल बुद्धिजीवी परिषद गण्डकीका अध्यक्ष प्रा. डा.चन्द्र बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष भोजराज दाहाल, सञ्चालन सचिव बाबुराम केसीले गर्नुभएको थियो । कमिटीद्वारा प्रकाशित स्मारिका गण्डकी दर्पणको समीक्षा राधाकृष्ण लामिछानेले गरेको कार्यक्रममा नेकपा एमाले गण्डकी प्रदेश कमिटीका सचिव धनञ्जय दवाडी र नेकपा एमाले जिल्ला कमिटी कास्कीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीले समेत बोल्नुभएको थियो ।

## सुशासन र समृद्धिका लागि वर्तमान सरकार: मन्त्री भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले मुलुकमा सुशासन कायम गर्दै समृद्धि हासिल गर्न वर्तमान सरकार गठन भएको बताउनुभएको छ।

पोखरा चेम्बर अफ कमर्स कास्कीको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्नुहुँदै उहाँले जनतामा आशा जगाउने लक्ष्यका साथ ठूला दुई दल मिलेर सरकार बनेको बताउनुभयो। मन्त्री भट्टराईले वर्तमान सरकारलाई अनुशासन विपरीत काम गर्ने छुट नभएको र कानुनी अड्चनलाई आवश्यकताअनुसार परिमार्जन गरेर अघि बढ्ने विश्वास व्यक्त




गर्नुभयो । रोजगार सुनिश्चित गर्ने खालको शिक्षा वर्तमानको आवश्यकता हो भन्नुहुँदै उहाँले बढ्दो युवा पलायनलाई रोक्नु पनि सबै मिलेर काम गर्न जरुरी रहेको धारणा राख्नुभयो । मन्त्री भट्टराईले सरकारले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा उडानका लागि आवश्यक पहल भइरहेको जानकारी दिनुहुँदै यसबाट पर्यटकीय राजधानी पोखराको पर्यटन विकासमा महत्वपूर्ण सहयोग पुग्ने धारणा राख्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य दामोदर बैरागीले उद्योगी-व्यवसायीहरूले संस्थागत हकअधिकारको सुनिश्चिततासहित उत्पादनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संस्थाका अध्यक्ष एमनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य गणेशमान गुरुङ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीलगायत विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिले उद्योग-व्यवसायको वर्तमान अवस्थाका बारेमा विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पोखरा चेम्बर अफ कमर्सद्वारा प्रकाशित 'पोखरा चेम्बर दर्पण' को लोकार्पण गर्नुका साथै संस्थागत विकासमा योगदान गर्ने विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो ।

## पोखरा महानगरमा सञ्चालित सार्वजनिक बसको प्रदूषण जाँच

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

पर्यटकीय नगरी पोखरामा शनिबार पनि पोखरामा संचालन हुने माईक्रो बसहरुको यात्रीक परिक्षण तथा प्रदुषण जाचपास गरिएको छ।

अन्य दिनमा सवारी साधनहरुको जाच गर्ने ठाँउको अभावले गर्दा शनिबार बिदाको दिनमा यातायात व्यवस्था कार्यालय सवारी कार्यालय परिसरमा उक्त परिक्षण गर्न लागिएको कार्यालयका निमित्त प्रमुख गौतम अशोकले बताउनु भयो । पोखरा यातायात प्रा.लि.



अर्न्तगत पोखरामा संचालन हुने माइक्रो बसहरुले बजारमा बढी धुलो फाल्ने गरेको जनगुनासो आएकोले पहिलो चरणमा माईक्रोबसबाट उक्त परिक्षण गर्न सुरु गरिएको उहाँले जनाउनु भयो । उक्त परिक्षणको क्रममा ३० प्रतिशत भन्दा माथिको प्रदुषण भएका बसहरुलाई पुनः मर्मत संहार गरेर पुनः परिक्षण पश्चात मात्र सवारी साधन संचालनको अनुमति दिएको छ। यदि पुनः मर्मत गर्नु पर्ने सवारी साधनहरु बजारमा संचालनमा आएको भेटिएमा यातायात व्यबस्था ऐन अनुसार १० हजारसम्म कार्वाही गरिने भएको निमित्त कार्यालय प्रमुख गौतमले जनाउनु भयो ।

पहिलो चरणमा माइक्रो बसहरुको प्रदुषण परिक्षण पश्चात पोखरमा संचालन हुने स्कुल तथा कलेजका बसहरुको समेत प्रदुषण परिक्षण गरिने भएको छ। त्यसैगरी शनिबार पोखरामा परीक्षण गरिएका मध्य ग १ ख ३८२७, मग १ ख


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वचतकर्ताको पैसा डुब्नु हुँदैन– नेता कँडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन



नेपाली काँग्रेसका केन्द्रीय सदस्य देवेन्द्रराज कंडेलले सर्वसाधारण जनताले परिश्रम गरेर सहकारीमा जम्मा गरेको पैसा डुब्न नदिने गरी काङ्ग्रेसले आफ्नो कार्यनीति अगाडि ल्याउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली काँग्रेस गण्डकी प्रदेश सहकारी विभागद्धारा शनिबार पोखरामा आयोजित सहकारी विद्यमान अवस्था, समस्या, चुनौति, अवसर र समाधानका उपायका बारेमा प्रदेशस्तरीय छलफल तथा अन्तरक्रियामा कार्यक्रमलाई सम्बोधन गर्दै नेता कंडेलले केही खराब सहकारीका कारण सम्पूर्ण सहकारीको बदनाम भएकाले गलत गर्ने सहकारीलाई कारवाही र राम्रो काम गर्ने सहकारीलाई पुरस्कृत गर्नुपर्ने भनाइ उहाँको छ । सहकारीबाट ऋण लिने व्यक्तिले ऋण नतिरेमा उनीहरुलाई कालो सूचीमा राख्न समेत अउँले सुझाव दिनभयो । सहकारीबाट व्यक्ति र राज्यले समृद्धि हासिल गर्न सक्ने भएकाले यस क्षेत्रका विकृति हटाउँदै सहकारीलाई स्थापित गर्नुपर्ने भनाइ उहाँको छ । वि.स.२०१३ देखि नै वीपी कोइरालाको पालामा सहकारीको अवधारण ल्याइएको हुँदा सहकारी मार्फत न्यून आय भएका व्यक्तिहरुको जीवनस्तर उकास्न सकिने धारणा उहाँको छ । कम पूँजीमा व्यापार तथा अन्य प्रयोजनका लागि ऋण लिने माध्यम सहकारी भएकाले सहकारीलाई धारासायी हुन दिन नहुँने भनाई उहाँको छ । नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले वीपी, प्रजातन्त्र र विपन्न वर्गसँग जोडिएको सहकारी क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउँदै अगाडि वढाउनुपर्नेमा जोड थियो । समाजवादको प्रमुख अंग सहकारी भएकै कारण सहकारीलाई दिगो रुपमा संचालन गर्ने वातावरण सरहकारले बनाइदिनुपर्नेमा उहाँको जोड थियो। गलत गर्ने सहकारीलाई कानूनी कारवाहीको दायरामा ल्याई सहकारीलाई नियमित अनुगमन गर्ने व्यवस्था सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाली काँग्रेसका नेता एवं पुर्व मन्त्री जीत प्रसाद आलेले सहकारी उत्पादनसँग नजोडिइकन शेयरधनीहरु मुनाफा बाड्ने काममा लाग्दा सहकारी डुब्ने अवस्थामा पुगेको बताउनुभयो।

नेपाली काग्रेस केन्द्रीय सहकारी विभागका उपप्रमुख भानुभक्त ढकालले समस्याग्रस्थ सहकारीका समस्याहरु पहिचान गरी वचत कर्ताको रकम कसरी फिर्ता गर्न सकिन्छ भन्ने वारेमा प्राधिकरणले काम गर्नुपर्नेमा जोड दिनुभयो । सहकारीलाई नियमित अनुगमन नगर्दा सहकारी काफ्नो कार्यक्षेत्र वाहिर गएर काम गर्दा यस्ता समस्या उत्पन्न भएको भनाइ उहाँको थियो। यतिवेला सदनदेखि सडकसम्म सहकारीकारीका कुरा उठ्ने गरेका छन्, सहकारीका समस्या समाधान गर्न काँग्रेसले सहीबाटो अपनाउनुपर्नेमा उहाँको जोड छ। सो अवसरमा नेपाली काँग्रेसका नेता माधव वास्तोला कोपीला रानाभाट, रविरमण तिवारी, राजेन्द्र पौडेल, सीता गुरुङ लगायतले आफ्नो भनाई राख्नु भएको थियो।

# महिला भलिबलमा भारतमाथि नेपालको ऐतिहासिक जित

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन



राजधानीमा जारी काभा महिला भलिबल नेसन्स लिग भलिबल प्रतियोगितमा नेपालले पहिलो पटक भारतलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको खेलमा भारतलाई ३-२ को सेटमा पराजित गर्दै नेपालले एतिहासिक जित दर्ता गराएको हो । महिला भलिबल प्रतियोगितामा नेपालले पहिलो पटक भारतलाई हराएको हो। जारी प्रतियोगितामा नेपालको यो दोस्रो जित हो। निकै प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट नेपालले २५-१८ ले जित्यो । खेलको दोस्रो सेट भारतले २५-१२ ले आफ्नो पक्षमा पार्‍यो । तेस्रो सेट भने नेपालले जित्यो ।

नेपालले भारतलाई २५-१७ ले पाखा लागायो । तर चौथो सेट १८-२५ ले गुमाएको नेपालले अन्तिम तथा निर्णायक पाँचौ सेटमा भारतलाई १५-१३ ले पराजित गर्‍यो । उक्त च्याम्पियनसिपमा नेपालसहित भारत, श्रीलङ्का, माल्दिभ्स र इरानको सहभागिता छ। शीर्ष चार टोलीले सेमिफाइनल खेल्नेछन् । उक्त प्रतियोगिताअन्तर्गत भोलि दिउँसो ३ बजे हुने पहिलो खेलमा श्रीलङ्का र माल्दिभ्स भिड्नेछन् भने सवा पाँच बजे हुने दोस्रो खेलमा नेपालले इरानसँग खेल्नेछ। उक्त दुवै खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा हुनेछ।

जारी प्रतियोगिताको आफ्नो पहिलो खेल नेपालले श्रीलङ्कालाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। नेपालले श्रीलङ्कामाथि २५-१९, २५-१८, र २५-१९ ले पराजित गरेको थियो।

# पोखराको विकासबारे ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

पर्यटन राजधानी पोखराको विकास र समुन्नतिका सन्दर्भमा नेपाली कांग्रेस कास्कीले काठमाडौंमा सङ्घीय मन्त्री तथा मन्त्रालयका कर्मचारीहरुसँग भेटघाट गर्नुका साथै परामर्शका साथ यहाँका समस्याबारे जानकारी गराएको छ।

नेपाली कांग्रेस कांस्कीका सभापति किशोरदत्त बरालको नेतृत्वमा पार्टी पदाधिकारी, गण्डकी प्रदेश सरकारका कार्यवाहक मुख्यमन्त्री, विज्ञहरू, उद्योगी, व्यापारी, काठमाडौंमा रहेका पार्टी प्रतिनिधि सम्मिलित टोलीले सङ्घीय मन्त्रालयमा पुगी पोखरा क्षेत्रको विकास र समुन्नतिका विषयमा ध्यानाकर्षण गराएको हो। गृह, शिक्षा, स्वास्थ्य, परराष्ट्र, सहरी विकास, संस्कृति तथा पर्यटन मन्त्रालयमा भएका भेटघाट र परामर्शमा मन्त्रीहरूले विकास र समुन्नतिका सन्दर्भमा चासो देखाउँदै त्यसमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको टोलीमा सम्मिलित नेपाली कांग्रेसकी केन्द्रीय सदस्य शारदा पौडेलले बताउनुभयो । प्रदेशको राजधानीका साथै पर्यटन राजधानी पोखराको विकासले समग्र नेपालको प्रतिनिधित्व गर्ने उल्लेख गर्दै नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पर्यटन विकासमा सहजीकरण गर्न यो भेटघाट र परामर्श महत्वपूर्ण रहेको बताउनुभयो । विभिन्न चरणमा भएका भेटघाट र परामर्शमा पोखराको पर्यटन, सहरी विकास र स्वास्थ्यसम्बन्धी विषयलाई टड्कारो रुपमा उठाइएको नेतृ पौडेलले बताउनुभयो।

भेटमा कोरला र वाल्मीकि नगरको उत्तर दक्षिण नाका खोलेर ‘इन्टरसिटी ट्रेड कनेक्टीभिटी’ बढाउने, पोखरामा महावाणिज्य दूतावास खोल्ने, भारत र चीनका नजिकका सहरमा पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट हवाईसेवा सञ्चालन गर्ने र चीनसँग भएको हवाई सम्झौता कार्यान्वयनमा ल्याउनेलगायतका विषय उठाइएको छ । यस्तै गङ्गालाल हृदयरोग केन्द्रको प्रादेशिक अस्पताल सेवा सञ्चालन गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जग्गा उपलब्ध गराइसकिएको विषय, औद्योगिक क्षेत्र पूर्वाधार व्यवस्थापन, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका लागि विवादरहित जग्गा उपलब्ध भएको, अस्पताल र औषधिमा भएको ‘सिण्डीकेट’ तोड्नेलगायत महँगी नियन्त्रण एवं लगानी सहजीकरण जस्ता विषयमा सङ्घीय मन्त्रीहरूसँग छलफल र परामर्श गरिएको थियो।

परामर्श तथा छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आन्नन्दराज मुल्मीले सहजीकरण गर्नुभएको थियो। यस किसिमको छलफल र परामर्शबाट सरकारले दिशानिर्देश प्राप्त गर्ने र यसले मन्त्रालय तथा स्वयं सरकारको काम र योजनालाई अघि बढाउन सहयोग पुग्ने बताउँदै नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले उक्त अभियानको सराहना गर्नुभएको पौडेलले बताउनुभयो।

छलफल र परामर्श टोलीले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलगायतलाई भेटी पोखराको समग्र विकास निर्माणको स्थिति र सम्भावनाबारे ध्यानाकर्षण गराएको भ्रमण दलका सदस्य एवं कास्की कांग्रेसका सदस्य बाबुराम गिरीले जानकारी दिनुभयो।

# मर्दी बेसक्याम्पमा मानव अवशेष फेला

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित प्रख्यात मर्दी हिमाल आधार शिविर (बेसक्याम्प) मा मानव अवशेष फेलापरेको छ।

माछापुच्छ्रे गाउँपालिका-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्रीले स्थानीय पर्यटन व्यवसायीले शुक्रबार साँझ मानव अवशेष भेटिएको बारेमा शनिबार जानकारी गराएको बताउनुभयो । “स्थानीयले अवशेष देखेर खबर गर्नुभएको छ। भौगोलिक रूपमा अत्यन्त विकट भएकाले कसरी ल्याउने भन्नेबारेमा प्रहरी प्रशासन र गाउँपालिकासँग छलफल गरी राखेका छौँ”, वडाध्यक्ष क्षेत्रीले भन्नुभयो। अवशेषसँगै एउटा आइफोनसमेत भेटिएको उहाँले बताउनुभयो। भेटिएको सो अवशेष गत पुस १३ गते मर्दी पदयात्राका क्रममा हाइक्याम्पबाट हराएका स्वीडेनका नागरिक २० वर्षीय मिचल लिउ ब्लोम्बर्ग हुनसक्ने आशङ्का गरिएको छ। पदमार्गको हाइ क्याम्पबाट मर्दी आधार शिविरतर्फ जानेक्रममा हराएका मिचलको त्यसबेला खोजी गरिए पनि फेला पर्न सकेका थिएनन्।

# पोखरा ...

७०५९ र त्यसैगरी ग १ ज ३४३८ नम्बरको माइक्रो बसले ३०% भन्दा बढी प्रदूषण भएको भेटिएपछि पुन मर्मत संहार तथा इन्जिन मर्मत गर्न सुझाव दिएको छ।

पोखरा यातायात प्रा.लि.का अध्यक्ष देउप्रसाद गुरुङले आफुहरुको मात्र बसमा प्रदुषणको समस्या नभई अन्य बसहरुमा समेत भएको दाबी गर्नु भयो। पेट्रोलियत पदार्थमा मिसावट भएको कारण लाखौं खर्चियर मर्मत गरे पनि धुवा फाल्ने समस्या केहीं सवारी साधनमा रहेको उहाँले जनाउनु भयो । १६ मोडलका गाडीमा समेत यस्तो प्रदुषणको समस्या रहेकोले यसको समयमै नियमन तथा अनुगमन गर्न व्यवसायीहरुले माग गर्नु भएको छ। एउटा बसको प्रदुषण परिक्षण गर्न करिब १५ मिनेट लाग्ने हुदा बसहरु व्यबस्थापन गर्न कठिन भएकोले गर्दा पनि शनिबार तथा बिदाको दिनमा केही सहज भएको कार्यालयकामेकानिकल इन्जिनियर(प्राविधिक) अव्दुल्ला हवारीले बताउनु भयो । तीन चरणमा गरिएको परिक्षणको औषतमा ३० प्रतिशत भन्दा कम आएका सवारीहरु पास हुने अन्य मर्मत गर्नुपर्ने उहाँले जनाउनु भयो। पोखरा महानगरमा ३३ वटा वडा रहेका छन् भने अधिकांश रुटमा प्रा.लि.का बसहरु संचालनत हुदै आएका छन्। प्रा.लि.मा हाल ३ सय ७८ वटा सानो तथा ठुलो माइक्रो बसहरु संचालन भए हालसम्म करिब १ सय वटा मात्र बसको प्रदुषण परिक्षण गरिएको छ। केही बसहरुमा प्रदुषणको समस्या रहेको छ । पर्यटकीय नगरी तथा सुन्दर नगरी पोखरामा सौन्दर्यतालाई कायम गर्न यसरी यातायात व्यवस्था कार्यालयले प्रदुषण मापन गर्न थालेको हो।

# बाढी, पहिरोलगायत विपद्मा परी एक सय ५० जनाको मृत्यु

**रासस**
काठमाडौ, १९ साउन

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी आज दिउँसोसम्म एक सय ५० जनाको मृत्यु भएको छ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढी, पहिरोलगायत विपद्परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा २९, गण्डकी प्रदेशमा ४२, लुम्बिनी प्रदेशमा २७, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको हो।

उहाँका अनुसार बाढी, पहिरोबाट काठमाडौँ उपत्यकामा १०, कोशी प्रदेशमा ३७, मधेस प्रदेशमा १०, बागमती प्रदेशमा १०, गण्डकी प्रदेशमा ३४, लुम्बिनी प्रदेशमा ११, कर्णाली प्रदेशमा ५१ र सुदूरपश्प्रदेशमा १४ जना गरी जम्मा एक सय ७७ जना घाइते भएका छन् । बाढी, पहिरोबाट काठमाडौँ उपत्यकामा २६, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, कर्णाली प्रदेशमा दुई र सुदूरपश्प्रदेशमा पाँच गरी जम्मा आजसम्म एक सय आठजनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, “बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई, बागमती प्रदेशमा ४२, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा दुई र कर्णाली प्रदेशमा एक गरी ४९ जना बेपत्ता भएको र उनीरुको खोजी जारी छ।”


बाढीको कारण आज दिउँसोसम्म जम्मा तीन सय ८४ घर डुबानमा परेका छन् । दुई सय ५९ घर, ९५ गोठ, ४३ पुल, दुई विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । बाढी पहिराबाट सात सय ४३ वटा पशु चौपाया मरेका छन् । उक्त अवधिमा विपद्घटनाबाट चार हजार दुई सय १९ घरपरिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# प्रधानमन्त्रीको अग्रसरता

निर्माण सम्पन्न भएर पुर्ण क्षमतामा संचालन हुन नसकेका दुई अन्तर्राष्ट्रिय विमानस्थल संचालनका लागि प्रधानमन्त्री केपी शर्मा ओलीअग्रसरता लिएका छन । राष्ट्रिय गौरवको योजना निर्माण भएको दुई वर्ष बढी भएको छासम्पन्न भएका पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्रालयले संचालनका लागि योजना बनाउन नचाहनु रहस्यमय छानागरिक तहमा उठेका प्रश्न मात्र होइन सम्बन्धित मन्त्रालयसँग स्पष्ट योजना जनताको माग हो ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्बन्धित मन्त्री, सचिव र उच्चाधिकारीसँग छलफलपछि प्रधानमन्त्री ओलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान र यात्रुको चापलाई व्यवस्थित गर्न ती दुई नयाँ विमानस्थल पूर्ण सञ्चालनका लागि विद्यमान समस्या, समाधानका उपाय ल्याउन निर्देशन दिएका छन । छलफलमा प्रधानमन्त्री ओलीले निर्माण भएको लामो समयसम्म दुई विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नुपरेको तथा काठमाडौं विमानस्थलको क्षमताभन्दा बढी भएको विषयलाई गम्भीर रूपमा लिँदै त्यसका लागि आवश्यक सहजीकरण गर्न आग्रह गरेका छन। सजिलै भेट्न सके मात्र जनताले विश्वास गर्छन ।

प्रधानमन्त्री ओलीले दुवै विमानस्थल प्रभावकारीरूपमा सञ्चालनका लागि अध्यागमनलगायत अन्य सुविधा सञ्चालन गर्न, इन्धन भण्डारण विमानस्थलनजिक राख्न लागिएको भए अन्यत्र सार्न, इन्धनको मूल्य घटाउन, मूल्य अभिवृद्धि कर र पर्यटन कर नलिने व्यवस्था गर्न, ग्राउन्ड ह्यान्डलिङ सेवा नियमअनुसार जुन निकायले पाउनुपर्ने हो, त्यही निकायलाई दिन निर्देश गरे । प्रधानमन्त्रीले लिएको अग्रसरता सकारात्मक परिणामको लागि हो । आगामी मन्त्रिपरिषद्को बैठकमा पेस गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठको संयोजकत्वमा सम्बन्धित सबै मन्त्रालयका सहसचिवहरू रहने कार्यदललाई विमानस्थल सञ्चालनको योजना ल्याउन जिम्मेवारी दिइएको छ ।

छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, श्रम तथा रोजगारमन्त्री शरत्सिंह भण्डारी, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, विकास सल्लाहकार डा युवराज खतिवडा, मुख्यसचिव लीलादेवी गड्तौलालगायत सहभागी थिए। राजनीतिक तहले अग्रसरता नलिए सम्म कुनै काम हुँदैन । प्रधानमन्त्रीले चालेको कदम र समयमै काम सम्पन्न गर्न सघाउने विश्वास गर्न सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गलकोटमा डेङ्गी र स्क्रब टाइफसका बिरामी बढे

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ साउन

जिल्लामा साउनयता २६ जनामा डेङ्गी पुष्टि भएको छ । डेङ्गी पुष्टि भएकामध्ये गलकोट नगरपालिकामा मात्रै २४ जना छन् ।

बागलुङको मध्यभागमा रहेको गलकोट अहिले डेङ्गी र स्क्रब टाइफसको उच्च जोखिममा रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । साउनमा जिल्लाभर २६ जनामा डेङ्गी पुष्टी भएकामध्ये गलकोटमा मात्रै २४ जना बिरामी छन् । दुईजनाको धौलागिरि अस्पतालमा सङ्क्रमण पुष्टि भएको थियो । “गलकोट डेङ्गी मात्रै हैन स्क्रब टाइफसको समेत उच्च जोखिममा रहेको पाइएको छ”, जनस्वास्थ्य निरिक्षक घिमिरेले भन्नुभयो, “अहिले गलकोट नगर अस्पतालमा एक दर्जन डेङ्गी र स्क्रब टाइफसका बिरामी उपचाररत छन् भने दैनिक चारदेखि पाँच जनामा डेङ्गी र स्क्रब टाइफस पुष्टि भइरहेको छ ।” गलकोटमा गत असारदेखि हालसम्म ४१ जनामा डेङ्गी पुष्टी भइसकेको नगर स्वास्थ्य शाखा प्रमुख सुशिल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार साउनमा मात्रै गलकोटभित्र १७ जना स्क्रब टाइफसका बिरामी फेला परेका छन् । अहिले अधिकांशले घरमा उपचार गराइराख्नुभएको भन्दै जटिल समस्या देखिएकाको नगर अस्पतालमा उपचार भइरहेको पौडेलले जानकारी दिनुभयो । “असारमा खोज र नष्ट गरअभियान सञ्चालन गरेका थियौं । नगरभित्र असारदेखि अहिलेसम्म ४१ जनामा डेङ्गी र १७ जनामा स्क्रब टाइफस फेला परेको छ । सङ्क्रमण भएका बिरामीमध्ये केही घरमा स्वास्थ्यलाभ गर्दै हुनुहुन्छ भने केहीलाई अस्पतालमा राखेर उपचार गरिरहेका छौं”, पौडेलले भन्नुभयो, “दुई वर्ष अघिसम्म डेङ्गी र स्क्रब टाइफसका बिरामी परीक्षण गर्ने व्यवस्था थिएन, अहिले ताराखोला र बडिगाडबाट पनि बिरामी नगर अस्पताल आउने गरेका छन् ।” डेङ्गी र स्क्रब टाइफसको उच्च जोखिममा गलकोट नगरपालिका देखिएपछि सर्तकता अपनाउन थालिएको छ । ‘खोज र नष्ट गरौं’अभियान गलकोटमा तीव्ररुपमा सञ्चालन थालिएको बताउँदै सचेतनामूलक कार्यक्रमलाई थप तीव्रता दिइने उहाँले उल्लेख गर्नुभयो ।

गलकोट नगर अस्पतालमा दैनिक २५ जनासम्म उच्च ज्वरोका बिरामी आउने गरेका नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले जानकारी दिनुभयो । अस्पताल आएकामध्ये करिब ३० प्रतिशतमा डेङ्गी र स्क्रब टाइफस पुष्टि हुने गरेको छ । “दैनिक २० देखि २५ जना अस्पताल आउनुहुन्छ, परीक्षण गर्दा पाँचदेखि सात जनासम्ममा डेङ्गी र स्क्रब टाइफस पुष्टि हुने गरेको छ”, डा पौडेलले भन्नुभयो, “गलकोटमा उच्च सर्तकता अपनाउन आवश्यक छ । अहिले अस्पतालमा ज्वरो, वाकवाकी आउने, रिङ्गाटा लाग्ने बिरामीको सङ्ख्या वृद्धि भएको जनाउँदै सबैमा डेङ्गी सङ्क्रमण भने नदेखिएको उहाँले जानकारी दिनुभयो । लामखुट्टेको लार्भा नष्ट गर्न पानीको खाल्डा पुर्ने, पानी जम्ने र लामखुट्टे उत्पादन हुने क्षेत्रमा सरसफाइ गर्ने, सुत्दा नियमित झुलको प्रयोग गर्ने, घर बाहिर, खेतबारीमा काम गर्दा पूरै शरीर छोपिने किसिमका लुगा लगाउनेलगायत कुरामा विशेष ध्यान अपनाउनुपर्ने स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । “डेङ्गी लामखुट्टेका माध्यमबाट मानिसमा सर्छ । स्क्रब टाइफस ‘ओरेन्सिया सुसुगमुसी’ नामक परजीवीको सङ्क्रमणले लाग्ने गर्दछ । यो परजीवीलाई एक प्रकारको ‘माइट’ जातिको सूक्ष्म कीराले सार्ने गर्दछ । रोगको कीटाणु बोक्ने ‘माइट’ स-साना बोटबिरुवाको झाडीमा बस्छ”, नगर अस्पतालका प्रमुख डा पौडेलले भन्नुभयो, “केही वर्षअगाडिसम्म स्क्रब टाइफस धेरैजसो पहाडी र दुर्गम स्थानमा देखिँदै आएकामा पछिल्लो समय सहरी क्षेत्रमा पनि देखिँदै आएको छ ।” यसको समयमै उपचार नगरेमा वा जीर्ण बन्दै गएको खण्डमा कलेजो, मिर्गौला, फोक्सो, मुटुलगायत अन्य अङ्गमा सङ्क्रमण फैलिई बिरामीको मृत्युसमेत हुने डा पौडेलले बताउनुभयो । यो रोगबाट बच्ने प्रभावकारी माध्यम भनेको सरसफाइमा विशेष ध्यान दिने र सावधानी अपनाउने रहेको उहाँले उल्लेख गर्नुभयो ।

# डेङ्गु परीक्षणका लागि छ सय सीमा शुल्क

**पोखरापत्र संवाददाता**
दमौली, १९ साउन

तनहुँको व्यास नगरपालिकाले डेङ्गु परीक्षणका लागि बढीमा रु छ सय मात्र शुल्क लिन निजी अस्पताललाई निर्देशन दिएको छ । नगरपालिकाले नगरभित्रका सबै निजी अस्पताल, स्वास्थ्य क्लिनिक, निजी प्रयोगशालालाई डेङ्गु परीक्षणका लागि बढीमा रु छ सय शुल्क लिन निर्देशन दिएको हो ।

प्रादेशिक डेङ्गु रोकथाम तथा नियन्त्रण निर्देशक समिति गण्डकी प्रदेशको गत असार २७ गते बसेको बैठकले सम्पूर्ण प्रयोगशालाका लागि डेङ्गुको द्रुत परीक्षणको शुल्क निर्धारण गरेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “तोकिएको भन्दा बढी शुल्क लिएको पाइए कानुनबमोजिम कारबाही हुनेछ ।” पछिल्लो समय डेङ्गु सङ्क्रमणको जोखिम बढेकाले नगरपालिकाले सचेत रहन आग्रह गरेको छ । नगरपालिकाले डेङ्गु नियन्त्रणका लागि विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम सुरु गरेको छ । गत आर्थिक वर्षमा नगरपालिका डेङ्गुले ग्रस्त भएपछि नगरपालिकाले यसपटक विद्यालयस्तरमा अभिमुखीकरण थालेको हो । वर्षायाम सुरु भएसँगै चालु आर्थिक वर्षमा डेङ्गु रोगका सङ्क्रमित देखिन सुरु भइसकेको र समयमै रोकथाम गर्न नसके पुनः महामारी फैलन सक्ने सम्भावना भएको हुँदा डेङ्गु नियन्त्रणका लागि सबै वडाका निजी तथा सामुदायिक विद्यालयमा अभिमुखीकरण गर्न निर्देशन दिइएको सोतीले बताउनुभयो । उहाँले भन्नुभयो, “स्वास्थ्य शाखाका कर्मचारीले विद्यालयस्तरमा पुगेर विद्यार्थीलाई यस रोगका बारेमा सचेतनामूलक कार्यक्रम गरिरहेका छन् ।”

# गुफा पर्यटकीय विकास समितिमा ईन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिको संयोजकमा ईन्द्र प्रसाद सुवेदी चयन भएका छन् ।

विन्ध्यवासिनी माध्यमिक विद्यालयको संरक्षण, व्यवस्थापन तथा स्वामित्वमा सञ्चालित गुफाको समग्र विकासका लागी विद्यालय व्यवस्थापन समितिले सदस्य सुवेदीलाई जिम्मेवारी दिएको हो । समितिको सदस्यमा भरत वहादुर वस्नेत, प्रेम तिमिल्सिना, ओममाया नेपाली, एक वहादुर नेपाली, विनोद पौडेल, मनकला नेपाली, विजय सापकोटा, पदेन सदस्यमा निवर्तमान संयोजक एवम् विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरूदत्त भट्टराई, गुफा क्षेत्र संरक्षण तथा सामुदायिक विकास संस्था र समितिको सदस्य सचिवमा शिशिर पौडेल चयन भएका छन्। त्यस्तै समितिको सल्लाहकारमा सुवाषवावु अधिकारी, गोविन्द वहादुर वस्नेत, यदुनाथ वञ्जरा, पुष्पराज अधिकारी, केशव बहादुर बस्नेत र प्राविधिक



सल्लाहकारमा ईन्जिनियर भुवन वहादुर थापा रहेका छन्

नवनियुक्त संयोजक सुवेदी र सदस्य तथा सल्लाहकारलाई स्वागत गर्दै विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरूदत्त भट्टराईले पोखराको पहिचानका रूपमा रहेका महेन्द्र तथा चमेरे गुफाको समग्र विकासमा समितिले प्रभावकारी भुमिका निर्वाह गर्ने बताए। संयोजक सुवेदीले सबैको समवन्यमा गुफाको गुरुयोजना अनुरुप यस क्षेत्रको विकासमा ध्यान दिने प्रतिवद्धता जनाए ।

स्वागत तथा परिचयात्मक कार्यक्रममा सल्लाहकार गोविन्द वहादुर वस्नेत, यदुनाथ वञ्जरा, पुष्पराज अधिकारी, सदस्य प्रेम तिमिल्सिना, एकराज नेपालीले प्राकृतिक सम्पदालाई असर पुग्ने गरी राजमार्ग ल्याउन खोजिएको भन्दै त्यसको विकल्प खोज्नुपर्ने बताए। प्राविधिक सल्लाहकार ईन्जिनियर भुवन वहादुर थापाले महेन्द्र गुफा वृहत विकास परियोजना अन्तर्गत निर्माणाधीन कार्यको जानकारी गराएका थिए । सदस्य सचिव पौडेलले पर्यटकलाई आर्कषण गर्ने खालका थप संरचनाको निर्माणमा जोड दिदैं, पछिल्लो समय बाढी पहिरो तथा सडक र हवाई क्षेत्रमा भएका दुर्घटनाले पर्यटक आवागमनमा कमि भई पर्यटन क्षेत्रमै असर परेको बताए।

समितिले त्यस क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका लागी सरोकारवालासँग छलफल गरी योजना तयार गर्ने जनाइएको छ।

# युवा रेडक्रस सर्कल विन्ध्यवासिनीमा कविता प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

पोखराको बाटुलेचौर्रा स्थत विन्ध्यवासिनि माध्यमिक विद्यालयमा खुला कबिता वाचन प्रतियोगिता सम्पन्न भएको छ ।

युवा रेडक्रस सर्कल विन्ध्यवासिनी मा विको आयोजनामा भएको प्रतियोगितामा नम्रता सुनार प्रथम, एञ्जिला भट्टराई द्वितीय, नितिसा भट्टराई तृतीय र प्रतिक गौतम,कृतिका अधिकारी, अनिता थापाले सान्त्वना स्थान प्राप्त गरेका छन् । उत्कृष्ट विद्यार्थीलाई प्रअ एवम् संरक्षक शिक्षक कृष्णप्रसाद आचार्य , स प्रअ राम बहादुर बानियाँले पुरस्कार वितरण गर्नुभयो।कार्यक्रममा



बोल्दै प्रधानाध्यापक आचार्यले विद्यार्थीको शैक्षिक तथा व्यक्तित्व विकासमा यस्ता कार्यक्रमले महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताउनुभयो । कार्यक्रममा सहायक प्रधानाध्यापक रामबहादुर बानियाँ, शिक्षक महेन्द्रमणि पौडेल, शिक्षक नायक विष्णुप्रसाद पौडेल, निर्णायक संयोजक ईन्दु भट्टराई लगायतले उत्कृष्ट विद्यार्थीलाई बधाई दिँदै, साहित्य सिर्जनामा कलम चलाउन सुझाव दिए । १७ जना प्रतियोगीले सहभागिता जनाएको कार्यक्रमको अध्यक्षता सर्कलका अध्यक्ष विवेक अधिकारी र सञ्चालन उपसचिव सुनिता श्रेष्ठले गर्नु भएको थियो ।

# म्याग्दे गाउँपालिकाको दोस्रो आवधिक योजना तयार

**पोखरापत्र संवाददाता**
दमौली, १९ साउन

जिल्लाको म्याग्दे गाउँपालिकाले दोस्रो आवधिक विकास योजना तयार गरेको छ । गाउँपालिकाले समृद्ध म्याग्दे निर्माण गर्ने लक्ष्यसहित विभिन्न पक्षलाई समेटेर आवधिक विकास योजना (२०८१/८२-२०८५/८६) तयार गरेको हो ।

‘आत्मनिर्भर समृद्ध म्याग्देको आधार, मानव विकास, कृषि, पर्यटन र पूर्वाधार’ नारासहित आवधिक योजना तयार गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार २०८१/८२-२०८५/८६ को पञ्चवर्षीय दोस्रो आवधिक योजनामा म्याग्देलाई समृद्ध गाउँपालिका बनाउने योजना प्रस्तुत गरिएको छ ।

दोस्रो आवधिक योजनालाई कार्यान्वयन गर्न चालु आवमा विकास निर्माण, पर्यटन प्रवर्द्धनलगायत क्षेत्रका योजना कार्यान्वयन गर्ने तयारी भएरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । सरकारले सन् २०१६ देखि सन् २०३० सम्मका लागि दिगो विकासका विभिन्न १७ वटा लक्ष्य निर्धारण गरेको सन्दर्भमा यसलाई आधार मानेर गाउँपालिकाले दोस्रो पञ्चवर्षीय आवधिक योजना तयार गरेको उहाँले उल्लेख गर्नुभयो ।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, “नेपालको संविधानले निर्देश गरे अनुसारका नीतिसँग समायोजन हुने गरी दिगो विकासको लक्ष्य हासिल गर्न आवधिक र दीर्घकालीन रुपमा योजना तर्जुमा गरी सोहीअनुसार कार्यान्वयन गर्नुपर्ने मुख्य आवश्यकता छ ।”

उक्त योजना कार्यान्वयन गर्न भौतिक पूर्वाधारतर्फ पालिकाको प्रशासनिक भवन निर्माणलाई पूर्णता दिने, सभाहल, वडा कार्यालय परिसरमा थालिएका संरचना, १० शय्याको अस्पताल निर्माण, ल्यान्डफिल्ड साइडको अपूरो संरचना, वडास्तरीय सडक संरचना निर्माण तथा स्तरोन्नति गर्ने कामलाई प्राथमिकता दिइएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । कृषि तथा पशुको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइलगायत नागरिकसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा लगानी अभिवृद्धि तथा पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । ऊर्जाको विकास, विस्तार र सुदृढीकरण, घरेलु उद्यमको विकास, स्वरोजगारी सिर्जना तथा बेरोजगारी समस्याको समाधानलाई पनि प्रमुख प्राथमिकतामा राखिएको छ । जलस्रोतको विकास र सिँचाइ, खेलकुद पूर्वाधारको विकास र विस्तार, मानव संशाधनको विकास तथा लक्षित वर्ग हितमूलक कार्यक्रम सञ्चालन, वन वातावरण, वृक्षारोपण, जलवायु परिवर्तनको असर न्यूनीकरण, विपद् तथा प्रकोप व्यवस्थापन र विभिन्न समयमा देखा पर्ने सङ्क्रामक रोग नियन्त्रणलाई प्राथमिकतामा राखिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । सामाजिक सुरक्षा, संरक्षण, न्याय र सामाजिक समावेशीकरण तथा गरिबी निवारण, स्वरोजगार र युवा पलायनलाई नियन्त्रण गर्ने कार्यक्रमलाई दोस्रो पञ्चवर्षीय आवधिक योजनाको मुख्य प्राथमिकतामा राखेको उहाँले उल्लेख गर्नुभयो । म्याग्देलाई आगामी पाँच वर्षभित्रमा स्मार्ट र नगरोन्मुख बनाइने लक्ष्य लिइएको पालिका कार्यालयले जनाएको छ । पालिकाले लागत साझेदारीमा भवन निर्माण तथा सडक कालोपत्र, अध्यक्ष र उपाध्यक्षसँग जनता कार्यक्रम, एक घर एक व्यवसाय तथा स्वरोजगार कार्यक्रम, अति गरिब विपन्न आवास निर्माण योजना, ढल तथा सडक सरसफाइ, खानेपानी, गुणस्तरीय शिक्षा, स्वास्थ्यको उच्चतम प्रयोग, मानव संशाधन विकास, सूचना प्रविधिको उच्चतम प्रयोग, आर्थिक समाजिक रुपान्तरण, उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिई जलवायु र वातावरणमैत्री दिगो विकास गरिने अधिकारीले जानकारी दिनुभयो ।

# झोलुङ्गे पुलले बढाउँदै पर्यटक

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने बागलुङमा बर्सेनि नयाँ पुल थपिएका छन् । झोलुङ्गे पुलको सङ्ख्या थपिएसँगै पर्यटन आगमन बढ्दै गएको छ । जिल्लामा पछिल्लो दुई वर्षमा ४१ झोलुङ्गे पुल निर्माण भएका छन् ।

आर्थिक वर्ष २०७९/८० मा २५ र २०८०/८१ मा १६ झोलुङ्गे पुल निर्माण भएका हुन् । पुल बनेपछि जोखिम मोलेर यात्रा गर्ने हजारौँ नागरिकलाई सहज हुनुका साथै आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यसमेत बनेको बागलुङ र पर्वत जोड्ने गरी कालीगण्डकी नदीमाथि लामो झोलुङ्गे पुल बनेपछि दैनिक बागलुङ आउने पर्यटक बढेको पाइन्छ ।

विसं २०७७ देखि बागलुङ नगरपालिका-१ बाङ्गेचौरदेखि पर्वतको कुश्मा नगरपालिका-१ पाङ जोड्ने गरी निर्माण भएको पाँच सय ६७ मिटर लामो पुलले आन्तरिक मात्रै नभइ बाह्य पर्यटकसमेत तान्न थालेको छ । 'सिङ्गल स्पान' मा निर्माण भएको यो पुल नेपालकै लामो भएको दाबी गरिँदै आइएको छ ।

यस वर्ष बागलुङ-४ उप्ल्लाचौ गौरीधामदेखि पर्वतको जलजला गाउँपालिका-८ नाङ लिबाङ ओडारे जोड्ने गरी पाँच सय २३ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो । यि दुई पुलले बढी पर्यटक तान्ने गरेको पाइन्छ । जिल्लाको ग्रामीण क्षेत्रमा निर्माण भएका पुलले आन्तरिक पर्यटकलाई आकर्षित गर्ने गरेको छ ।

जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै बनेका दुई लामा झोलुङ्गे पुलले पहिले बागलुङ कालिका मन्दिरसम्म आएर फर्कने पर्यटकलाई बजारसम्म तान्ने गरेको छ । बजारसम्म मात्रै नभइ यहाँका धार्मिक तथा पर्यटकीयस्थलसम्म पुऱ्याउन मद्दत पुऱ्याएको छ ।

पुल सञ्चालनमा आएपछि मुस्ताङको मुक्तिनाथ र म्याग्दीको गलेश्वर जाने पर्यटक पनि बागलुङमा आउन थालेको पर्यटन विकास समितिका अध्यक्ष एवं बागलुङका नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । पुलले गर्दा पछिल्लो समय बागलुङमा ३० प्रतिशत पर्यटक आगमनमा वृद्धि भएको उहाँको भनाइ छ । "पुलले बागलुङको पहिचानलाई उचो बनाएको छ, पुलै पुलको जिल्ला भनेर पहिलेदेखि नै बागलुङ चिनिँदै आएकामा पछिल्लो समय थुप्रै झोलुङ्गे पुल बनेका छन्, पुलको महत्वलाई ध्यानमा राखेर यसै वर्ष बागलुङ नगरपालिकाले 'पहाड र पुलको नगर, सांस्कृतिक धरोहर' नारा बनाएको पर्यटन प्रवर्द्धन गर्न थालेका छौँ", खड्काले भन्नुभयो, "पुलले अझ बढी त नागरिकलाई वारपार गर्न सहज बनाएको छ, टाढा-टाढा मानिसलाई पनि यसले जोड्ने काम गरेको छ ।" बागलुङका १० वटै स्थानीय तहमा दर्जन बढीको हाराहारीमा झोलुङ्गे पुल छन् । एउटै पालिमा धेरैको सङ्ख्यामा बनेका पुलले ग्रामीण क्षेत्रका नागरिकलाई वारपारमा सहज बनाइदिएको तमानखोला गाउँपालिका-२ का नरबहादुर विकले बताउनुभयो ।

यसै वर्ष तमानखोलाको भयरबोझ्गामा बनेको पुलले स्थानीयलाई वारपारमा सहज बनाउनुका साथै आन्तरिक पर्यटकसमेत आउन थालेका उहाँको भनाइ छ । यहाँ पुल बनेपछि गाउँलेको जीवनस्तर नै बदलिएको उहाँ बताउनुहुन्छ । विकले भन्नुभयो, "यो पुल नहुँदा एक गाउँदेखि अर्को गाउँमा पुग्न झण्डै दुई घण्टा लाग्थ्यो, अहिले पाँच मिनेटमै पुगिन्छ, पुलले हाम्रो दैनिकी त बदली दियो नै बाहिरबाट मान्छेहरु घुम्न आउन थालेका छन्, घुम्न आएका मान्छेले गाउँमा उत्पादन भएका वस्तुहरु किनेर लैजाने गर्छन्, पुलसम्म आउने सडकलाई व्यवस्थित गरेर प्रचार गर्न सकियो भने धेरै पर्यटक यहाँ आउने देखिन्छ ।" बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजार नजिकै दुई वर्ष अगाडि निर्माण भएको लामो झोलुङ्गे पुलमा समेत आन्तरिक पर्यटकको भीड लाग्ने गर्छ । पुलमा वारपार गर्ने स्थानीयभन्दा फोटो भिडियो खिच्ने र रमाउने सङ्ख्या धेरै हुने ढोरपाटनका नगर उपप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो ।

तमानखोलामाथि बिसमर र घोँसाखानी गाउँलाई जोड्ने गरी निर्माण भएको यो पुल अहिले आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको हो । पुलमा दैनिक दुई सय बढी आन्तरिक पर्यटकले वारपार गर्ने गरेका छन् । स्थानीयले घाँस दाउरा ल्याउन र बारीमा काम गर्न वारपारका लागि निर्माण गरिएको पुलमा पर्यटकको घुइँचो लाग्ने उपप्रमुख कायतको भनाइ छ ।

बुर्तिबाङ-बोङ्गादोभान सडकखण्डको माथि पट्टी निर्माण भएको पुलले यात्रुलाई आकर्षित गर्ने उहाँले बताउनुभयो । पुल दुई सय ४३ मिटर लामो छ । पुल नबन्दा खोला वारपार गर्न करिब एक घण्टा लाग्ने गरेकामा अहिले तीन मिनेटमै आउजाउ गर्न सकिन्छ । पुल निर्माणपछि ढोरपाटन-३ को पुर्कोट, घोँसाखानी, सामा, बिसमर लगायतका गाउँका हजारौँ नागरिकलाई सहज भएको छ ।

# 'मिस नेपाल वर्ल्ड २०२४'को उपाधि आश्माकुमारीलाई

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

'मिस नेपाल वर्ल्ड २०२४' को उपाधि आश्माकुमारी केसीले जित्नुभएको छ ।

शनिबार गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा भएको अन्तिम प्रतिस्पर्धामा २५ प्रतिस्पर्धीलाई पछि पार्दै केसीले उपाधि जित्नुभएको हो । उहाँलाई गत वर्षकी मिस नेपाल श्रृच्छा प्रधानले ताज पहिराइदिनुभयो ।

प्रतियोगितामा सुमना केसीले 'मिस नेपाल अर्थ २०२४' र करुणा रावतले 'मिस नेपाल इन्टरनेशनल २०२४' को उपाधि जित्नुभयो । यस वर्ष 'मिस वर्ल्ड'मा




भने 'मिस नेपाल २०२३' प्रधानले नेपालको प्रतिनिधित्व गर्दै प्रतिष्पर्धा गर्नुहुनेछ । प्रतियोगितामा डा रुपक घिमिरे, लक्ष्मी भण्डारी, रेना रिजाल, विजय कर्माचार्य, साहारा बस्नेत राणा, कलाकार दिव्य देव, प्रिङ्का रानी जोशी, शरद भेषवाकर, रियासा दाहाल, विष्णुहरि पाण्डे, सकुन भण्डारीलगायत ११ जना निर्णायकको भूमिकामा हुनुहुन्थ्यो । मिस नेपालको आयोजना द हिडन ट्रेजरले गर्दै आएको छ ।

# श्रीमदवीतक चर्चामा भक्तजनको भीड

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

श्रीकृष्ण प्रणामी मन्दिरमा जारी श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा भक्तजनहरुको भीड दिन प्रतिदिन बढ्दै गएको छ ।

गत श्रावण १० गते देखि पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रजचनको १० औ दिन शनिवार सम्म आइपुदा भक्तजनहरुको भीड दिन प्रतिदिन बढ्दै गइरहेको श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए ।

अध्यक्ष ढकालका अनुसार प्रवचनमा भक्तजनहरुको भीड बढेसँगै सहयोग रकम र प्रसादका लागि समेत सहयोग आउने क्रम जारी रहेको छ ।

शनिवार गोपिका पाण्डे, पत्रकार रेनुका सुवेदी, अशेष भण्डारी, रेनुका भण्डारीको नेतृत्वमा मणिपाल अस्पतालमा



कार्यरत स्टाफ नर्सको ग्रुप, भाष्कर बोर्डिङ स्कुलका शिक्षक सबु लामिछाने, पद्य नर्सिङ होमका एकाउण्टेन्ट ज्योती सुवेदी पराजुली, सामाजिक तथा धार्मिक ब्याक्तित्व दीपा पाठक, भगवती ढकाल, शान्ति पौडेल, गंगा ढकाल, रोमन सुवेदी लगायतले प्रवचनमा आउने भक्तजनका लागि प्रसादको ब्यवस्था श्रीकृष्ण प्रणामी सेवा समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए ।

एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराज र लिलाम्बर सापकोटाले उपवाचकको रुपमा प्रवचन प्रदान गरिरहेका छन्भने भजन संगीतमा संगीतकार बालकृष्ण आचार्य र तवेलामा सुजन बन्जराले साथ दिइरहेका छन ।

हरेक दिन ११ बजे देखी २ बजे सम्म श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले बताए ।

# अधुरा आयोजनालाई पूर्णता दिन प्रधानमन्त्री र विभागीय मन्त्रीहरूको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
म्याग्दी, १९ साउन

म्याग्दीका अधुरा आयोजनालाई पूर्णता दिन जनप्रतिनिधि र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेताहरूको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूको ध्यानाकर्षण गराएका छन् ।

नेकपा (एमाले) म्याग्दीका नेता तथा एमालेबाट जिल्लामा निर्वाचित भएका जनप्रतिनिधिको टोलीले प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलगायत मन्त्रीहरूलाई आज भेटेर ११ बुँदे मागपत्र बुझाएका हुन् । विपद् बाट क्षति पुगेका सडक मर्मत तथा वैकल्पिक सडक, मोटरेबल पुल निर्माण, बस्ती संरक्षण र अधुरा आयोजनालाई पूर्णता दिन प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई ध्यानाकर्षण गराइएको एमाले म्याग्दीका अध्यक्ष बालकृष्ण सुवेदीले जानकारी दिनुभयो ।

बेनी-दरवाङ सडकअन्तर्गत फापरखेतको पहिरोको विकल्पमा बेलीब्रिज जडान गर्न, पहिरोले क्षतिग्रस्त बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डलाई पूर्णता दिन, पोखरेबगर-घोडेपानी सडकको लुलिया घुम्तीको पहिरो नियन्त्रण गर्न, बेनी बजार संरक्षण आयोजनाको बजेट बढाउन, बेनी-दरवाङ-सोलेडाडा-लामेला-बुर्तीबाङ सडकलाई मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक सडक बनाउन माग गरिएको छ । बेनी बजार स्थित म्याग्दी र कालीगण्डकी किनारको सडकलाई चक्रपथको रूपमा विकास गर्न, अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको प्रभा माविको भवनको अपुग बजेटको व्यवस्था मिलाउन माग गरिएको छ ।

गलेश्वर-मौवाफाँट-चिमखोला सडक, भगवती-बेग-बादुक सडक, बृहत् चिमखोला-पिप्ले-भगवती सडक आयोजनालाई बहुवर्षीय ठेक्का लगाउन स्रोतको सुनिश्चितता गराउन र प्रस्तावित ५३ मेगावाट क्षमताको बाँधस्थल परिवर्तन गरेर मात्र निर्माण अघि बढाउन माग गरेका छन् ।

नेकपा (एमाले) केन्द्रीय सदस्य भूपेन्द्र थापा, नरदेवी पुन, प्रदेश कमिटी सदस्यहरू हरिकृष्ण श्रेष्ठ, जिल्ला कमिटी अध्यक्ष बालकृष्ण सुवेदी, जिल्ला समन्वय समिति प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, अन्नपूर्ण गाउँपालिका अध्यक्ष भरत पुन, मालिका गाउँपालिका अध्यक्ष बेग गर्बुजा र मङ्गला गाउँपालिका उपाध्यक्ष प्रेमा अधिकारीको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई भेटेर जिल्लाको विकास निर्माणका विषयमा ध्यानाकर्षण गराएका हुन् । मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीले सम्बन्धित मन्त्रालय र निकायमा समन्वय गर्न निर्देशन दिनुभएको थियो । अर्थमन्त्री विष्णु पौडेलले यही आर्थिक वर्षमा सम्भव भएका माग पूरा हुने र बाँकी मागहरू अर्को आर्थिक वर्षमा समावेश हुने प्रतिबद्धता जनाउनुभयो ।

# राहदानी बाकसमा थन्क्याएर तरकारीखेतीमा

पोखरापत्र संवाददाता
पर्वत, १९ साउन

पछिल्ला समय केही भविष्य नदेखेर दैनिक हजारौँको सङ्ख्यामा युवायुवती विदेशिन बाध्य भएका छन् । तर पर्वतको जलजला गाउँपालिका-७ धाइरिङ मिलनचोकका युवा दीपक शर्माले भने व्यावसायिक तरकारीखेतीबाट वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । विदेश जानका लागि बनाएको राहदानी बाकसमा थन्क्याएर विगत २० वर्षदेखि व्यावसायिक रुपमा तरकारीखेतीमा लाग्नुभएका शर्माले गाउँमै बसेर मनग्य आम्दानी गर्न सफल हुनुभएको हो ।

उमेरले ३८ वर्ष पुग्नुभएका दीपक र उहाँकी श्रीमती सीता शर्माले मौसमी तथा बेमौसमी तरकारीखेती गरेर वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । आफू जन्मिने बेलादेखि नै आफूना बुबाआमाले अँगालेको निर्वाहमुखी परम्परागत तरकारी उत्पादन पेसालाई व्यावसायिक बनाउँदै आफूले ठूलोमात्रामा तरकारीखेती थालेको उहाँले बताउनुभयो । कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बेनी सडक नजिकै पर्ने मिलनचोक । यहाँ उत्पादित तरकारी सजिलै ढुवानी गरेर छिमेकी जिल्ला म्याग्दीको सदरमुकाम बेनीबजार, पर्वतको कुश्मा र बागलुङ बजारमा बिक्री हुने गरेको छ । बिहान ६ बजेदेखि बेलुका अबेरसम्म करेसाबारीमै व्यस्त हुने शर्मा दम्पतीले लामाबगरस्थित करिब सात रोपनी खेत वार्षिक रुपमा रु एक लाख २० हजार भाडामा तथा बाँकी आफ्नै खेतबारीमा तरकारी खेती गर्नुभएको छ । वर्षायाममा १० रोपनी र हिउँदयाममा १५ रोपनी क्षेत्रफलमा तरकारी लगाउने गरेको दीपकले बताउनुभयो ।

पाँच रोपनी क्षेत्रफलमा वर्षायाममा धान रोपाइँ गर्दै आउनुभएको छ । करेसाबारीमा काँक्रो, सिमी, बोडी, भ्यान्टा, लौका, करेला, घिरौँला र खुर्सानी, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी फलाउँदै आउनुभएको छ । सिजनअनुसार आलुखेती गर्नुहुन्छ । उत्पादन भएको ताजा तरकारी लिन व्यवसायी घरमै आउने भएकाले बिक्रीको समस्या नरहेको उहाँले बताउनुभयो । करेसाबारीबाटै दैनिक रुपमा तरकारी बिक्री गर्ने शर्माले वार्षिक रुपमा रु १५ लाखसम्मको आम्दानी हुने गरेको बताउनुभयो । मेहनत गर्नसकेमा दुःखअनुसार कमाई पनि हुने भएकाले श्रीमान्लाई विदेश नपठाएको सीताले बताउनुभयो । "विदेश गए पनि दुःख नै गर्नुपर्छ, त्यहाँ गर्ने दुःख यहीँ गर्न सकेमा आम्दानी पनि हुन्छ, घरपरिवारसँग बस्दा सबैलाई आनन्द पनि हुन्छ", उहाँले भन्नुभयो । "मैले श्रीमान्लाई विदेश जान दिइन यही माटोमा सँगै परिश्रम गरौँ भनेँ", सीताले भन्नुभयो, "छिमेकका साथीहरु विदेश गएको देखेर राहदानी बनाएको भए पनि जान रोकेकी हुँ ।" दीपक दम्पतीले आफूले गर्न नसकेको काम दैनिक ज्यालादरी मजदुर राखेर गर्दै आएको बताउनुभयो । दीपककी आमा भद्रकली शर्माले आफूले पहिल्यैदेखि निर्वाहमुखी रुपमा गर्दै आएको पेसालाई छोराबुहारीले अगालेकामा दङ्ग हुनुहुन्छ । "अहिले उनीहरुले धेरै जग्गामा लगाएका छन्, कमाई राम्रो भएकामा हामी बूढाबूढी खुसी छौँ", उहाँले भन्नुभयो । तरकारीबाट भएको आम्दानीले छोरालाई निजी विद्यालयमा पढाएका छन् भने बाँकी रकम बैंकमा बचत गर्ने गरेको दीपकले बताउनुभयो । अहिले परिवारको आर्थिक अवस्था सुधार हुनुका साथै सबैभन्दा बढी आत्मसन्तुष्टि प्राप्त भएको दीपकको अनुभव छ । उहाँले सबैजसो खर्च कटाएर वार्षिक रु छदेखि सात लाख बचत हुने गरेको बताउनुहुन्छ ।

विदेशमा गए पनि मरिमेटेरै दुःख गर्नुपर्ने भएकाले आफ्नै खेतबारीमा पसिना बगाउन उहाँले भविष्यको खोजीमा विदेशिन लागेका युवालाई सुझाव दिनुभएको छ । उहाँले व्यावसायिक रुपमा तरकारीखेतीमा लाग्न चाहने युवालाई आफूले ज्ञान, सीप र प्रविधिका साथै बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

# मादीनदी लिफ्ट खानेपानी आयोजना निर्माणमा ढिलाइ

पोखरापत्र संवाददाता
तनहुँ, १९ साउन

व्यास नगरपालिका-१ भादगाउँ खानेपानी तथा उपभोक्ता संस्था र नेपाल सरकारको लगानीमा निर्माण हुँदै गरेको मादीनदी लिफ्ट खानेपानी आयोजना एक वर्ष ढिलाइ भएको छ ।

निर्माणका लागि ठेक्का पाएको पराजुली कन्स्ट्रक्सनले विसं २०८० भदौभित्र सम्पन्न गर्नेगरी २०७९ भदौमा सम्झौता गरेको एक वर्ष बित्दा पनि आयोजनाको काम पूरा हुनसकेको छैन । सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा मादीनदी लिफ्ट खानेपानी आयोजनाको निर्माण भइरहेको संस्थाका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार रु २६ करोड २५ लाख आयोजनामा २७ प्रतिशत घटिघटाउ बोलपत्रमा गई रु १९ करोड लागतमा आयोजना निर्माण अघि बढाइएको हो । व्यवस्थापक श्रेष्ठले भन्नुभयो, "आयोजनाको निर्माणकार्य ढिलाइ हुँदा पानी आपूर्तिमा कठिनाइ भोग्नुपरेको छ, अबको तीन महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।"

व्यास नगरपालिका-४ चुरेखोल्सीस्थित मादीनदी किनारबाट करिब पाँच किलोमिटर दूरीबाट पानी ल्याएर वडावासीलाई पानी वितरण गर्न लागिएको हो । मादीबाट ल्याइएको पानी व्यास-१ स्थित अमिलीभञ्ज्याङमा चार लाख र सोही वडाको भद्वुडाँडामा ५० हजार गरी चार लाख पचास हजार लिटर क्षमताको गरी दुईवटा 'रिजर्भ' ट्याङ्कीमा पानी सङ्कलन गरी वितरण गरिने सो संस्थाले जनाएको छ ।

संस्थाका सचिव राजेश्वर हड्खलेका अनुसार संस्थाले ट्याङ्की निर्माणका लागि दुई रोपनी जग्गा खरिद र करिब तीन रोपनी सार्वजनिक जग्गा गरी करिब पाँच रोपनी जग्गा प्रयोगमा ल्याई आवश्यक भौतिक संरचना निर्माण गरिरहेको छ । उक्त मादीनदी लिफ्टबाट प्रतिसेकेण्ड २६ लिटर पानीको क्षमताको रहने बताइएको छ । पानी सङ्कलनका लागि फिल्टर प्लान्ट र मुख्य प्लान्ट निर्माणकार्य यसअघि नै सम्पन्न भइसकेको छ । विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भई ५२ वटा सार्वजनिक धाराबाट सुरुआत गरेको संस्थाले हालसम्म दुई हजार छ सय बढी निजी धारा जडान गरी पानी वितरण गर्दै आएको छ । व्यास नगरपालिका-१३ स्थित करादी खिरखादी मुहानबाट करिब १३ किमी लामो दूरीबाट ल्याएको खानेपानी आपूर्ति हुँदै आएको छ । संस्थाले हाल प्रतिसेकेण्ड १७ लिटर पानी सङ्कलन गरी व्यास-१ का २५ टोल र व्यास-१२ को एक टोलका उपभोक्तालाई वितरण गर्दै आएको संस्थाका अध्यक्ष चिजबहादुर दैलो जानकारी दिनुभयो ।

उहाँका अनुसार यस क्षेत्रमा बस्ती विस्तार हुँदै गएपछि पानीको स्रोतले धान्न नसकेपछि वैकल्पिक खानेपानीको रूपमा मादीनदी लिफ्टिङ खानेपानी आयोजनाको निर्माण अघि बढाएको हो । उक्त आयोजनाअन्तर्गत ५२ किमी दूरीमा शाखा पाइप लाइन बिछ्याइने कार्य सकिएको छ । उहाँले भन्नुभयो, "मुख्य पाइप लाइनका केही स्थानमा पाइप बिछ्याउने कार्य भइरहेको छ, निर्माणकार्यलाई तीव्रता दिइएकाले छिट्टै सम्पन्न हुने अपेक्षा गरिएको छ ।" संस्थाले हाल दुई हजार छ सय ८० घरमा पानी वितरण गर्दा २१ हजार बढी उपभोक्ता लाभान्वित हुँदै आएका छन् ।